# एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावना**: कर्णाली प्रदेशमा स्थायी बसोबास भई नेपालभित्रका शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीलाई मन्त्रालयले प्रदान गर्ने छात्रवृत्तिलाई एकीकृत गरी व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा लक्षित वर्गसम्म पुऱ्याउन वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा १२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले सामाजिक विकास कार्यालय सम्झनु पर्छ।

(ख) "छात्रवृत्ति" भन्नाले दफा ३ बमोजिम वितरण हुने छात्रवृत्ति सम्झनु पर्छ।

(ग) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालयलाइ सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयलाइ सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले दफा ४ बमोजिमको छात्रवृत्ति छनौट तथा वितरण समिति सम्झनु पर्छ।

३. **मन्त्रालयबाट वितरण हुने छात्रवृत्तिः** मन्त्रालयले देहायको प्राथमिकताका आधारमा देहाय बमोजिम छात्रवृत्ति वितरण गर्नेछः-

(क) प्राविधिक छोरी बुहारी छात्रवृत्ति,

(ख) उच्च शिक्षा अपाङ्ग छात्रवृत्ति,

(ग) उच्च शिक्षा दलित छात्रवृत्ति,

(घ) उच्च शिक्षा चिकित्सा, इन्जिनियरिङ, कृषि, वन र भेटेनरी छात्रवृत्ति,

(ङ) उच्च शिक्षा सीमान्तकृत तथा लोपोन्मुख वर्ग छात्रवृत्ति।

४. **छात्रवृत्ति छनौट तथा वितरण समितिको गठनः** (१) छात्रवृत्ति छनौट तथा वितरण गर्ने प्रयोजनको लागि कर्णाली प्रदेशका प्रत्येक जिल्लामा देहाय बमोजिमको एक छात्रवृत्ति छनौट तथा वितरण समिति रहनेछ।

(क) प्रमुख, कार्यालय वा निर्देशनालय - संयोजक

(ख) अधिकृत, जिल्ला प्रशासन कार्यालय वा निर्देशनालय - सदस्य

(ग) प्रतिनिधि, शिक्षा विकास तथा समन्वय इकाई - सदस्य

(घ) प्रमुख, आर्थिक प्रशासन शाखा, कार्यालय वा निर्देशनालय - सदस्य

प्रदेश सचिव

प्रमुख सचिव

(ङ) संयोजकले तोकेको कार्यालयको कर्मचारी - सदस्य सचिव

(२) समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक अध्यक्षले तोकेको मिति,समय र स्थानमा बस्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राप्त आवेदनलाई अभिलेखीकरण र मूल्याङ्कन गरी योग्यताक्रम निर्धारण गर्ने,

(ख) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौट गर्ने,

(ग) छात्रवृत्ति वितरण गर्ने,

(घ) छात्रवृत्ति वितरण प्रक्रियालाई प्रभावकारी कार्यान्वयन गर्ने गराउने,

(ङ) लक्षित वर्गले छात्रवृत्ति प्राप्त गरे नगरेको सुनिश्चित गर्ने गराउने,

(च) छात्रवृत्ति वितरण सम्बन्धी विवरण अद्यावधिक गर्ने गराउने,

(छ) छात्रवृत्ति छनोटका आधारहरु निर्धारण गर्ने,

६. <u>आवेदन माग गर्ने:</u> (१) कार्यालय वा निर्देशनालयले छात्रवृत्ति वितरणको लागि कम्तीमा एक्काइस दिनको समय दिई जिल्लास्तरको पत्रिका वा एफ.एम. रेडियो, मन्त्रालय, निर्देशनालय र कार्यालयको वेबसाइटमा सूचना प्रकाशन गरी आवेदन माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा देहाय बमोजिमको विवरण उल्लेख गर्नु पर्नेछः-

(क) छात्रवृत्ति प्रदान गरिने विषय र तह,

(ख) छात्रवृत्तिको कोटा संख्या र उपलब्ध गराउने रकम,

(ग) आवेदन साथ संलग्न गर्नुपर्ने कागजात तथा विवरण,

(घ) अध्ययनरत शैक्षिक संस्थाको सिफारिस,

(घ) आवेदन बुझाउनु पर्ने स्थान र अन्तिम मिति।

(३) समितिले प्राप्त हुन आएका आवेदन तथा सो साथ संलग्न कागजातहरूको छानबिन गरी प्राप्त प्राप्ताङ्क र समितिले निर्धारण गरेको छनोट आधारमा योग्यताक्रम अनुसार सूची तयार गर्नु पर्नेछ।

७. <u>छात्रवृत्तिको लागि आवदेन दिनु पर्ने:</u> दफा ३ बमोजिमको छात्रवृत्ति प्राप्त गर्न ईच्छुक विद्यार्थीले सूचनामा तोकिएको स्थान र म्यादभित्र अनुसूची-१ बमोजिमको ढाँचामा सोही अनुसूचीमा उल्लिखत कागजात संलग्न गरी आवेदन दिनु पर्नेछ।

प्रदेश सचिव

प्रमुख सचिव

८. <u>छनौट प्रक्रिया</u>: (१) समितिले दफा ७ बमोजिम प्राप्त आवेदन तथा संलग्न कागजातको मूल्याङ्कन गरी प्राप्ताङ्कको आधारमा बेग्लाबेग्लै योग्यताक्रम अनुसार सूची तयार गर्नु पर्नेछ।

(२) छनोट सूचीमा रहेका व्यक्तिको सम्बन्धमा चित्त नबुझेमा सूची प्रकाशन भएको सात दिनभित्र निर्देशनालय वा कार्यालयमा उजुरी दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम उजुरी प्राप्त भएमा निर्देशनालय वा कार्यालयले उजुरी दिने म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र छानबिन गरी निर्णय गरी सक्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम छानबिन गर्दा छात्रवृत्ति प्राप्त गर्न अयोग्य भएको वा नपाउने ठहर भएमा छात्रवृत्ति छनोट सुचीवाट नाम हटाउनु पर्नेछ।

(५) मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रमको आधारमा समितिले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको संख्या निर्धारण गर्नु पर्नेछ।

९. <u>प्राविधिक छोरी बुहारी छात्रवृत्ति</u>: (१) प्रमाणपत्र तहमा प्राविधिक विषयमा अध्ययनरत छोरी वा बुहारीलाई देहायको विषयमा प्राविधिक छोरी बुहारी छात्रवृत्ति वितरण गरिनेछ।

(क) स्वास्थ्य,
(ख) कृषि,
(ग) पशुविज्ञान,
(घ) वनविज्ञान,
(ङ) इन्जिनियरिङ,
(च) सूचना प्रविधि।

(२) दफा १४ को उपदफा (१) बमोजिमको मापदण्डको आधारमा योग्यता सूची तयार गरी सो सूचीको आधारमा प्रति विद्यार्थी पचास हजार रुपैयाका दरले छात्रवृत्ति बापतको रकम बैंक मार्फत् विद्यार्थीको खातामा एकमुष्ठ उपलब्ध गराइनेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालयमा प्राविधिक धारमा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीले यस दफा बमोजिमको छात्रवृत्ति पाउने छैन।

१०. <u>उच्च शिक्षा अपाङ्ग छात्रवृत्ति</u>: (१) मान्यता प्राप्त शिक्षण संस्थामा स्नातक वा स्नातकोत्तर तहमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीलाई उच्च शिक्षा अपाङ्ग छात्रवृत्ति वितरण गरिनेछ।

(२) अध्ययनरत तह भन्दा तल्लो तहको प्राप्ताङ्कका आधारमा योग्यताको सूची तयार गरी सो सूचीको आधारमा प्रति विद्यार्थी चौबीस हजारका दरले छात्रवृत्ति बापतको रकम बैंक मार्फत् विद्यार्थीको खातामा एकमुष्ठ उपलब्ध गराइनेछ।

११. <u>उच्च शिक्षा दलित छात्रवृत्ति</u>: (१) मान्यता प्राप्त शिक्षण संस्थामा स्नातक वा स्नातकोत्तर तहमा अध्ययनरत दलित विद्यार्थीलाई उच्च शिक्षा दलित छात्रवृत्ति वितरण गरिनेछ।

प्रदेश सचिव

कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

(२) अध्ययनरत तह भन्दा तल्लो तहको प्राप्ताङ्कका आधारमा योग्यताको सूची तयार गरी सो सूचीको आधारमा प्रति विद्यार्थी चौबिस हजारका दरले छात्रवृत्ति बापतको रकम बैंक मार्फत् विद्यार्थीको खातामा एकमुष्ठ उपलब्ध गराइनेछ।

१२.<u>उच्च शिक्षा चिकित्सा, इन्जिनियरिङ, कृषि, वन र भेटेनरी छात्रवृत्तिः</u> (१) प्राविधिक जनशक्ति उत्पादन गर्न कर्णाली प्रदेशमा स्थायी बसोबास भएका देहाय बमोजिमको विषय क्षेत्रमा अध्ययनरत विद्यार्थीलाई यो छात्रवृत्ति उपलब्ध गराईनेछः-

(क) चिकित्सा, नर्सिङ, आर्युवेद, फार्मेसी, रेडियोलोजी लगायत स्वास्थ्य क्षेत्र

(ख) इन्जिनियरिङ्ग तथा सूचना प्रविधि विज्ञान,

(ग) कृषि, भेटेनरी र वन विज्ञान।

(२) अध्ययन पुरा गरेका विद्यार्थीहरूका लागि एक वर्ष करार सेवा प्रदान गर्न लाग्ने खर्च मन्त्रालयले व्यवस्था गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदान गर्ने छात्रवृत्तिको रकम देहाय बमोजिम हुनेछः-

(क) स्नातक वा स्नातकोत्तर चिकित्साशास्त्र (एम.वि.वि.एस./एम.डि.) अध्ययनरत विद्यार्थीको हकमा वार्षिक चार लाख,

(ख) अन्य प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीको हकमा वार्षिक रूपमा बढीमा एक लाख वा वार्षिक शुल्क रकम।

(४) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौट गर्दा सरकारी शिक्षालयबाट प्रमाणपत्र तह वा स्नातक तह उत्तीर्ण गरेकालाई प्राथमिकता दिनु पर्नेछ।

(५) छात्रवृत्तिमा छनोट भएका विद्यार्थीहरुको छात्रवृत्ति बापतको रकम बैंक मार्फत् एकमुष्ठ उपलब्ध गराइनेछ।

(६) चालु आ.व. २०८१/०८२ को विनियोजित बजेटबाट आ.व. २०७७/०७८ देखि चिकित्सा, इन्जिनियरिङ, कृषि, वन र भेटेनरी उच्च शिक्षा छात्रवृत्ति पाइरहेका विद्यार्थीलाई मात्र छात्रवृत्ति रकम उपलब्ध गराइनेछ।

(७) छात्रवृत्तिमा छनौट भएका विद्यार्थीले मन्त्रालयसँग अनुसूची-२ बमोजिमको ढाँचामा कबुलियतनामा गर्नु पर्नेछ।

१३.<u>उच्च शिक्षा सीमान्तकृत तथा लोपोन्मुख वर्ग छात्रवृत्तिः</u> (१) कर्णाली प्रदेशका स्थायी बासिन्दा भई मान्यता प्राप्त शिक्षण संस्थामा उच्चशिक्षा अध्ययन गरिरहेका सीमान्तकृत तथा लोपोन्मुख वर्गका विद्यार्थीलाई यो छात्रवृत्ति प्रदान गरिनेछ।

(२) अध्ययनरत तह भन्दा तल्लो तहको प्राप्त अंकका आधारमा योग्यताको सूची तयार गरी सो सूचीको आधारमा प्रति विद्यार्थी चौबिस हजारका दरले छात्रवृत्ति बापतको रकम बैंक मार्फत् विद्यार्थीको खातामा एकमुष्ठ उपलब्ध गराइनेछ।

१४. <u>अङ्क प्रदान गर्दा लिइने आधारः</u> (१) दफा ९ र १२ बमोजिम प्रदान गरिने छात्रवृत्तिको हकमा देहाय बमोजिमको मापदण्डको आधारमा बढीमा एक सय अङ्क प्रदान गर्नु पर्नेछः-

प्रदेश सचिव



कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

(क) शैक्षिक योग्यता बापत अध्ययनरत तहभन्दा तल्लो तहको शैक्षिक प्रमाणपत्रमा प्राप्त प्राप्ताङ्कको आधारमा पैसठ्ठी अङ्क,

(ख) अपाङ्गता बापत पाँच अङ्क,

(ग) दलित समुदायलाई पाँच अङ्क,

(घ) सीमान्तकृत तथा लोपोन्मुख वर्गलाई पाँच अङ्क,

(ङ) बाबु आमा दुबै नभएका वर्गलाई पाँच अङ्क र बाबु वा आमा मध्ये एक नभएमा दुई दशमलव पाँच अङ्क,

(च) एकल महिला पाँच अङ्क र द्वन्दपिडित एकल महिला दश अङ्क।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम शैक्षिक योग्यता बापत अङ्क निर्धारण गर्दा पैसठ्ठी अङ्कलाई शतप्रतिशत मानी सोही अनुपात बमोजिम अङ्क निर्धारण गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको मापदण्डको आधारमा प्राप्त भएको अङ्कलाई जोडी योग्यताक्रम निर्धारण गर्नुपर्नेछ।

१५. <u>छात्रवृत्ति प्रदान नगरिने</u>: देहायको अवस्थामा छात्रवृत्ति प्रदान गरिने छैनः-

(क) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी कुनै प्रकारको स्थायी, अस्थायी वा करार सेवामा कार्यरत भएमा,

(ख) नियमित रुपमा शैक्षिक संस्थामा उपस्थित भई पठनपाठनमा समावेश नभएमा,

(ग) अन्य निकायबाट नियमित रुपमा छात्रवृत्ति पाइरहेको प्रमाणित भएमा,

(घ) अध्ययनरत तहमा एक पटक छात्रवृत्ति प्राप्त गरिसकेको भएमा,

(ङ) एक विद्यार्थीले एक जिल्लामा एक भन्दा बढी किसिमको छात्रवृत्तिमा आवेदन पेश गरेको प्रमाणित भएमा,

(च) गलत तथा झुटा विवरण भरी पेश गरेको प्रमाणित भएमा।

१६. <u>छात्रवृत्ति रद्द</u>: (१) यस कार्यविधि बमोजिम वितरण भएको छात्रवृत्ति देहाय बमोजिमको अवस्थामा समितिले रद्द गर्न सक्नेछः-

(क) छात्रवृत्ति प्राप्त गर्नका लागि झुटा विवरण पेश गरेको पुष्टि भएमा,

(ख) अध्ययन पूरा नगरेमा,

(ग) सम्बन्धित शिक्षण संस्थाबाट निष्कासित भएमा।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति रद्द भएमा त्यसभन्दा अगाडी प्राप्त गरेको छात्रवृत्ति रकम प्रदेश सरकारको राजस्व खातामा फिर्ता गर्नुपर्नेछ।

१७. <u>अनुगमन र मूल्याङ्कन</u>: (१) छात्रवृत्तिको प्रभावकारिताको सम्बन्धमा मन्त्रालय, निर्देशनालय वा कार्यालयले नियमित अनुगमन गर्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिमको एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यको प्रभावकारिता मूल्याङ्कन प्रत्येक दुई वर्षमा मन्त्रालयबाट हुनेछ।

१८. <u>छात्रवृत्ति वितरण सम्बन्धी प्रतिवेदन</u>: (१) कार्यालयले छात्रवृत्ति वितरण गरेको विवरण सहितको प्रतिवेदन छात्रवृत्ति वितरण गरेको तीस दिनभित्र निर्देशनालयमा पेश गर्नुपर्नेछ।

प्रदेश सचिव



प्रमुख सचिव

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा निर्देशनालयले छात्रवृत्ति वितरण सम्बन्धी प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ।

१९. <u>कारबाही हुने</u>: दफा ३ बमोजिमको छात्रवृत्ति प्राप्त गर्ने उद्देश्यले कुनै व्यक्तिले झुट्ठा विवरण पेश गरेमा वा झुटा व्यहोरा सिफारिस गरेको खुल्न आएमा त्यस्तो व्यक्तिलाई र निजलाई सिफारिस गर्ने शैक्षिक संस्थाको प्रमुखलाई समेत प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

२०. <u>बाधा अड्काउ फुकाउन सक्ने</u>: यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आईपरेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२१. <u>अनुसूची हेरफेर</u>: मन्त्रालयले आवश्यकता अनुसार अनुसूची हेरफेर गर्न सक्नेछ।

प्रदेश सचिव

अनुसूची-१

(दफा ७ सँग सम्बन्धित)

<u>आवेदनको ढाँचा</u>

प्रष्ट अनुहार देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो

आवेदन दिने छात्रवृत्तिको किसिमः

<u>व्यक्तिगत विवरण</u>

१. विद्यार्थीको नामथरः ………. मोवाइल नः………………….

२. विद्यार्थीको स्थायी ठेगानाः जिल्लाः …… गाँउपालिका वा नगरपालिकाः …. वडा नः ………. गाँउ/टोलः ……….

३. लिङ्गः □ महिला □ पुरुष □ अन्य

४. जातजातिः□ सीमान्तकृत तथा लोपोन्मुख □ दलित □आदिवासी/जनजाति □अन्य

५. अपाङ्गताः □ भएको □ नभएको अपाङ्गता भए परिचयपत्रको वर्गः…………

६. अभिभावकको नामः ……………………….. अभिभावकको सम्पर्क नं. …………………

७. बाबुको नामः ……………………………… बाबुको पेशाः……………………….

८. सम्पर्क नं ……………………….

<u>शैक्षिक विवरण</u>

१.अध्ययनरत तह भन्दा तल्लो तह उत्तीर्ण वर्षः ……………………….

२.अध्ययनरत तह भन्दा तल्लो तहको कूल प्राप्ताङ्कः…………जिपिए वा प्रतिशत ………………

३.उत्तीर्ण गरेको शैक्षिक संस्थाको नामः ……………… ठेगानाः जिल्ला ………………………. स्थानीय तह……………………. वडा ……….

शैक्षिक संस्थाको प्रकारः □ सामुदायिक वा सरकारी □ संस्थागत

४.अध्ययनरत शैक्षिक संस्थाको नामः ……………………………………..

ठेगानाः जिल्ला ……………. स्थानीय तह …………………. वडा ……………..

शैक्षिक संस्थाको प्रकारः □ सामुदायिक वा सरकारी □ संस्थागत

५.अध्ययनरत विषयः ……………. तहः ……….. अध्ययनरत वर्ष वा सेमेस्टरः …………..

कोर्ष पूरा गर्न लाग्ने जम्मा वर्षः ………

६.अध्ययनरत कोर्ष उत्तीर्ण गर्न शैक्षिक सस्थाले लिने जम्मा शुल्क (सबै वर्ष वा सेमेस्टरको जोडेर)ः रु……………. प्रति वर्ष वा सेमेस्टर शुल्क रु……..

म निवेदक विद्यार्थीले माथि उपलब्ध गराएको विवरण सहि/साचो हो। म कुनै पनि सरकारी वा अन्य कुनै संघसंस्थामा स्थाई, अस्थाई वा करार सेवामा कार्यरत नरहेको तथा अध्ययनरत शैक्षिक संस्था वा अन्य कुनै प्रकारका संस्थाबाट छात्रवृत्ति प्राप्त नगरेको हुँदा प्रदेश छात्रवृत्तिको लागि यो आवेदन पेश गरेको छु ।

प्रदेश सचिव

प्रमुख सचिव

..............................

आवेदक विद्यार्थीको हस्ताक्षर

## कार्यालय प्रयोजनको लागिः

क. एसएलसी/एसईई मार्कसिट/ ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपिः
 □ छ □ छैन

ख. अध्ययनरत शिक्षालयले हाल अध्ययनरत नियमित विद्यार्थी तथा उक्त संस्थाबाट छात्रवृत्ति नपाएको भनी स्पष्ट खुलाएको सिफारिसः □ छ □ छैन

ग. सम्बन्धित स्थानीय तहको स्थायी ठेगाना प्रमाणित गरेको कागजातः □ छ □ छैन

घ. अपाङ्ग, दलित, सीमान्तकृत तथा लोपोन्मुख र टुहुराको हकमा सो प्रमाणित गर्ने सम्बन्धित निकायको कागजातः□ छ □ छैन

ङ. एसएलसी/एसईई उत्तीर्ण शैक्षिक संस्था सामुदायिक हो भनी सोहि संस्थाले प्रमाणित गरेको कागजः □ छ □ छैन

च. आवेदकको बैंक खाताको चेकको प्रतिलिपिः □ छ □ छैन

......................................

......................................

फाराम रुजु गर्नेको दस्तखत फाराम बुझिलिनेको दस्तखत

## फाराम भर्दा ध्यान दिनुपर्ने कुराहरूः

क. आवेदनको सम्पूर्ण खण्डहरु तथा खण्ड अन्तरगतका सम्पूर्ण विवरणहरु अनिवार्य रुपमा भर्नु पर्नेछ,

ख. सम्बन्धित विकल्पको लागि एक कोठामा मात्र ठिक चिन्ह लगाउनु पर्नेछ,

ग. यस आवेदन फारामको साथमा बुझाउनुपर्ने कागजातहरुः-

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) सम्बन्धित स्थानीय तहको स्थायी ठेगाना प्रमाणित गरेको कागजात,

(३) आवश्यक शैक्षिक योग्यताको ट्रान्सकृप्ट तथा चारित्रिक प्रमाणपत्र,

(४) अध्ययनरत शिक्षालयले हाल अध्ययनरत नियमित विद्यार्थी भएको तथा उक्त संस्थाबाट छात्रवृत्ति नपाएको भनी स्पष्ट खुलाएको सिफारिस,

(५) द्वन्द्व पीडित घाइते, अपाङ्ग वा सहिद सन्ततिको हकमा सो प्रमाणित गर्ने सम्बन्धित निकायको कागजात,

(६) जेहेन्दार विद्यार्थीको हकमा अध्ययनरत शैक्षिक संस्था सामुदायिक वा सरकारी हो भनी सोहि संस्थाले प्रमाणित गरेको कागज।

प्रदेश सचिव प्रमुख सचिव

(७) अपाङ्ग, दलित, सिमान्तकृत तथा लोपोन्मुख र शहिद सन्ततिको हकमा सो प्रमाणित गर्ने सम्बन्धित निकायको कागजात,

(८) दलित, अपाङ्ग, जेहेन्दार तथा सीमान्तकृत तथा लोपोन्मुख छात्रवृत्तिको हकमा अध्ययनरत शैक्षिक संस्था सामुदायिक/सरकारी हो भनि सोहि संस्थाले प्रमाणित गरेको कागज।

प्रदेश सचिव

अनुसूची-२

(दफा १२ को उपदफा (७) सँग सम्बन्धित)

## कबुलियतनामा

श्री ............. को छोरा/छोरी श्री ....... को नाति/नातिनी श्री .......... नगर/गाउँपालिका वडा नं......मा स्थायी बसोबास भएको मिति ......... मा जन्मेको म ...................... विषय ............मा अध्ययनका लागि प्राविधिक उच्च शिक्षा आंशिक/नि-शुल्क छात्रवृत्तिमा छनौट भएकोले सो अध्ययन पश्चात मन्त्रालयले तोके बमोजिम एक वर्ष सेवा गर्नेछु। एक वर्ष सेवा नगरेमा मैले अध्ययन गरेको शिक्षण संस्थामा सामाजिक विकास मन्त्रालयबाट उपलब्ध गराइएको रकमको साँवा (ब्याज सहित) जरिबाना बापत बुझाउने छु र सो रकम मैले नबुझाएमा मेरो घरघरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मन्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी सामाजिक विकास मन्त्रालयमा बुझाएँ।

छात्रवृत्ति पाउनेको,

दस्तखतः

नाम थरः

स्थायी ठेगानाः

सम्पर्क ठेगानाः

टेलिफोन नं.:

ल्याप्चे सहीछाप

दायाँ      बाँया

प्रदेश सचिव